# दरमखोला हाइड्रो इनर्जी लिमिटेड

## संयुक्त आठौं र नवौं वार्षिक साधारण सभाको

## निर्णय (माइन्युट)

**१. सभा प्रारम्भः**

आज मिति २०८२।०१।०३ गते बुधबार अर्थात अप्रील १६, २०२५ मा यस कम्पनीको आठौं र नवौं ( आ.व.२०७९/८० र आ.व.२०८०/८१) वार्षिक साधारण सभा काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. २९, अनामनगर, किम्ची रेष्टुरेष्ट एण्ड बैक्यूटमा अध्यक्ष श्री नर बहादुर पुन (नीरज)ज्यूको अध्यक्षतामा दिउँसो १२:३० बजे शुरु भई ३:३० बजे सु-सम्पन्न भयो ।

**२. सभा सम्बन्धी सूचना र प्रकाशनः**

कम्पनीको आठौं र नवौं वार्षिक साधारण सभा गर्नका लागि प्रथम पटक मिति २०८१।१२।११ र दोस्रो पटक मिति २०८१।१२।३० मा क्रमशः जनसवाल राष्ट्रिय दैनिक र राजधानी राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशित गरी सभा सम्वन्धी जानकारी सम्पूर्ण शेयरधनीहरुलाई गराइएको थियो । साधारण सभा सम्वन्धी सूचना, वार्षिक आर्थिक विवरण र सञ्चालक समितिको वार्षिक प्रतिवेदन कम्पनीको सूचना पाटी तथा कम्पनीको वेवसाइट www.daramkholahydro.com मा पनि राखिएको थियो ।

**३. उपस्थितिः**

**(क) सञ्चालकहरुः**

| | | | |
|---|---|---|---|
| १. | श्री नर बहादुर पुन (नीरज) | - | अध्यक्ष |
| २. | श्री माधव प्रसाद खरेल | - | सञ्चालक |
| ३. | श्री राम प्रसाद कडेंल | - | सञ्चालक |
| ४. | श्री हरी प्रसाद सापकोटा | - | सञ्चालक |
| ५. | श्री नर बहादुर घर्ती | - | सञ्चालक |
| ६. | श्री शालिकराम सापकोटा | - | सञ्चालक |
| ७. | श्री इन्द्रमणि सापकोटा | - | सञ्चालक |
| ८. | श्री टीकाराम खरेल (अनुपस्थित) | - | सञ्चालक |
| ९. | श्रीमती गायत्री देवी शर्मा | - | सञ्चालक |
| १०. | श्री भवदत्त सुवेदी | - | सञ्चालक |
| ११. | श्री रुपकलाल श्रेष्ठ (अनुपस्थित) | - | सञ्चालक |

Daramkhola Hydro Energy Ltd. Baglung, Nepal

CamScanner

**(ख) कम्पनीका अन्य पदाधिकारीहरु:**

| | | | |
|---|---|---|---|
| १. | श्री सि.ए. नारायण पौडेल | - | वित्तिय परामर्शदाता |
| २. | श्री अधिवक्ता चक्र बहादुर थापा | - | कानूनी सल्लाहकार |
| ३. | श्री देवराज खरेल | - | कम्पनी सचिव |
| ४. | श्री गोपाल प्रसाद निउरे | - | आयोजना प्रमुख |
| ५. | श्री सि.ए. साकेत आचार्य | - | लेखापरीक्षक |
| ६. | श्री अधिवक्ता ध्रुव राज शर्मा | - | निर्वाचन अधिकृत |
| ७. | श्री परशु राम ढकाल | - | लेखा तथा वित्त प्रमुख |

**(ग) शेयरधनीहरु:**

छुट्टै हाजिरी पुस्तीकामा संलग्न छ ।

**४. सभाको गणपूरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्व :**

| **विवरण** | **कूल संख्या** | **उपस्थिति संख्या** | **उपस्थिति प्रतिशत** |
|---|---|---|---|
| शेयरधनी संख्या | ८६३ जना | ३२ जना | - |
| जुम र प्रोक्सी मार्फत कम्पनीको शेयरधनीको संख्या | ८६३ जना | ३१ जना | - |
| कम्पनीको शेयर संख्या | ६३५५००० | ३४९५२५० | ५५ प्रतिशत |
| **कुल जम्मा** | **६३५५०००** | **६३ जना/३४९५२५०** | **५५ प्रतिशत** |

**५. सभाको वैधानिकता :**

(क) कम्पनी ऐन २०६३ र अन्य नेपालको प्रचलित कानुन बमोजिम जुमको माध्यम ( विद्युतिय इलेक्टोनिक माध्यम) बाट उपस्थित शेयरधनीहरूलाई सभा हलमा उपस्थित भए सरह मान्यता दिइने छ । वार्षिक साधारण सभामा जुमको माध्यमवाट उपस्थितीको इलेक्टोनिक हाजीरी कपी कम्पनीको रजिष्ट्र्ड कार्यालयमा सुरक्षित रुपमा अभिलेख गरी राखिएको छ ।

(ख) कम्पनी ऐन, २०६३ को दफा ७३ तथा कम्पनीको स्वीकृत नियमावली बमोजिम साधारण सभा सञ्चालन गर्नको लागि गणपूरक संख्या पुगेको हुँदा सभा रीतपूर्वक बोलाइएको सभा भनी घोषणा गरियो । अध्यक्षज्यूको अनुमतिले सभाको प्रारम्भ गरियो । सभामा निर्णायार्थ प्रस्तुत गरिने सञ्चालक समितिको वार्षिक प्रतिवेदन, आ.व. २०७९/८० र आ.व.२०८०/८१ को लेखापरिक्षण प्रतिवेदन, आयोजनाको हाल सम्मको प्रगती प्रतिवेदन र वार्षिक आर्थिक विवरण

उपस्थित सम्पूर्ण शेयरधनीहरु समक्ष वितरण गरिएको थियो । आ.व.२०७९/८० र आ.व.२०८०/८१ को वार्षिक साधारण सभाका सभाध्यक्ष श्री नर बहादुर पुन (नीरज)ज्यू र यस कम्पनीका निवर्तमान अध्यक्ष श्री नर बहादुर पुन (नीरज) ज्यूले मंगल धुनका साथ सभाको समुद्घाटन पानसमा बत्ति बालेर गर्नु भएको थियो भने वार्षिक साधारण सभामा उपस्थित महानुभावहरुलाई कम्पनीका संचालक माधव प्रसाद खरेलज्युबाट स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो । राष्ट्रियता र राष्ट्रको सम्मानको लागि राष्ट्रिय गान बजाइएको थियो । आ.व.२०७९/८० र आ.व.२०८०/८१ को वार्षिक साधारण सभामा निर्णायार्थ प्रस्तुत देहायका बमोजिमका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णय भयो ।

## ६. सभामा प्रस्तुत छलफलका विषयहरु :

### (क) साधारण प्रस्तावहरु:

(१) आर्थिक वर्ष आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरि पारित गर्ने ।

(२) लेखापरिक्षकको प्रतिवेदन सहित आ.ब. आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को वासलात, नाफा नोक्सान हिसाब तथा सोहि अवधिको नगद प्रवाह विवरण छलफल गरि पारित गर्ने ।

(३) कम्पनी आर्थिक वर्ष २०८०/०८१ को लागि कम्पनी ऐन, २०६३ को दफा ११३ अनुसार कम्पनी रजिष्ट्रार कार्यालयबाट नियुक्त लेखा परिक्षकको नियुक्ति र निजको पारिश्रमिकलाई अनुमोदन गर्ने सम्वन्धमा ।

(४) आर्थिक वर्ष २०८१/०८२ को लागि कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार लेखा परिक्षकको नियुक्ति गर्ने र निजको पारिश्रमिक तोक्ने ।

(५) सञ्चालक समितिको पदपुर्ती र स्वतन्त्र संचालकको नियुक्ती तथा अनुमोदन सम्बन्धमा ।

(६) विविध ।

### (ख) विशेष प्रस्तावहरु :

(१) कम्पनीको संचालक समितीमा नियम २७ बमोजिम संस्थापक समुहको संचालक पदको निर्वाचन गर्ने सम्वन्धमा ।

(२) कम्पनीको रजिष्ट्रर्ड कार्यालय परिवर्तन गर्न प्रवन्धपत्रको दफा २ तथा र नियमावलीको नियम २ र नियम २७ मा संशोधन गर्ने सम्वन्धमा ।

(३) IPO संग सम्बन्धीत कम्पनीको प्रवन्धपत्र र नियमावली तथा अन्य कानुनी संशोधन सम्वन्धित निकायहरुबाट कुनै संशोधन, फेरवदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन

प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितीलाई अख्तियारी प्रदान गर्ने सम्वन्धमा ।

(ग) विविध ।

१. सञ्चालक तथा पदाधिकारीको पारिश्रमिक, दैनिक भ्रमण भत्ता, तलव र अन्य सेवा सुविधाको रकम निर्धारण गर्ने तथा तोकी कार्यान्वयन गर्ने सम्वन्धमा ।

२. यस कम्पनीको वार्षिक साधारण सभा सम्बन्धी सम्पुर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणीत गर्न तथा आधिकारीक हस्ताक्षर गर्न अख्तियारी दिने सम्वन्धमा ।

**७. सभामा प्रस्तुत जिज्ञासा एवं सुझावहरु :**

सञ्चालक समितिको तर्फवाट अध्यक्षज्यूद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन र वार्षिक वित्तीय विवरणको प्रस्तुती पश्चात उक्त प्रतिवेदनका सम्वन्धमा आफ्ना जिज्ञासा, सुझाव एवं मन्तव्य व्यक्त गर्न शेयरधनी महानुभावहरुलाई कार्यक्रम सञ्चालक सि.ए.नारायण पौडेलद्वारा अनुरोध गरियो । निम्न शेयरधनीहरुले आ- आफ्नो जिज्ञासा, सुझावहरु तथा साधारण सभाको सफलता र प्रगतिका लागि शुभकामना व्यक्त गर्नु भएको थियो ।

**क. शेयरधनी श्री बाबुराम खरेलः**

वार्षिक साधारण सभामा आफ्नो धारणा राख्ने क्रममा आयोजना के कती कारणले ढिलो भयो ? अघिल्लो वार्षिक साधारण सभामा पनि हामी छिट्टै आयोजनाको काम सम्पन्न गरी वत्ति बाल्ने गर्छौं भन्नु भयो अव पनि छिट्टै वत्ती बाल्छौ भन्दा कसरी हामिले विश्वास गर्ने ? तपाईहरुले आयोजनाको लागत बढाउने काम गर्नु भयो भनी संचालक समितीलाई प्रश्न सहितको जिज्ञासा राख्नु भयो ।

**ख. शेयरधनी श्री हरी लाल सापकोटा**

वार्षिक साधारण सभामा सम्वोधन गर्दै वावुराम खरेलज्यूले भनेको कुरामा समर्थन जनाउदै अवको २ महिना भित्र वत्ती बाल्ने योजना के छ ? भनी संचालक समितीलाई प्रष्ट पार्न अनुरोध गर्दै साधारण सभामा पेस हुने सबै एजेण्डामा मेरो पुर्ण समर्थन जनाउँदै यो वार्षिक साधारणसभाको सफलताको शुभकामना व्यक्त गर्दछु ।

**ग. शेयरधनी श्री दयाराम आचार्य :**

वार्षिक साधारण सभामा उपस्थित महानुभावहरुलाई सम्वोधन गर्दै यस दरमखोला हाइड्रो इनर्जी लि. को इक्रा रेटिङ्ग के कती रहेको छ ? कम्पनीले समयमै वत्ती बालनु पर्यो, हामी सधैं साथमा छौ भनी आफ्नो भनाई राख्नुभयो ।

**घ. शेयरधनी श्री भुवन खरेल, जुम मार्फत, जापानबाट :**

वार्षिक साधारण सभामा उपस्थित महानुभावहरुलाई सम्वोधन गरी कम्पनीको लगानीकर्ताहरुको शेयर दर्ता वनेको छ छैन, किन शेयरधनीहरुलाई हाल सम्म नदिएको, कहिले शेयर प्रमाणपत्र पाईन्छ भनी प्रश्न गर्नु भयो, त्यस्तै संचालक समितीमा को के कसरी वनाईयो हामिलाई थाहा छैन, वार्षिक साधारण सभा किन हतार हतारमा गर्नु पर्यो भनी प्रश्न एवम् जिज्ञासा राख्ने गर्नुभयो ।

**ङ. शेयरधनी श्री तुल्सीराम कडेंल, जुम मार्फत, जापानबाट :**

वार्षिक साधारण सभामा उपस्थित महानुभावहरुलाई सम्वोधन गरी भुवन जीले भनेको कुरामा समर्थन जनाउदै कम्पनीको लगानीकर्ताहरुको शेयर दर्ता वनेको छ छैन, किन शेयरधनीहरुलाई हाल सम्म नदिएको, कहिले शेयर प्रमाणपत्र पाईन्छ भनी प्रश्न गर्नु भयो, त्यस्तै संचालक समिती वनाउदा शेयरधनीहरुलाई किन जानकारी नगराएको, समयमा आयोजना किन वनेन भनी प्रश्न एवम् जिज्ञासा राख्ने गर्नुभयो ।

## ८. पारित निर्णयहरु :

### (क) <u>साधारण प्रस्तावहरु:</u>

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को वार्षिक प्रतिवेदन सभामा पारित गरियोस् भनि पेश गर्दा सर्वसम्मतिले पारित भयो ।

२. आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को लेखापरिक्षकको वार्षिक प्रतिवेदन र सोहि आ.व. को वासलात, नाफा/नोक्सान हिसाव, नगद प्रभाव विवरण, इक्वीटीमा भएको परिवर्तन र सोको संलग्न अनुसूची सहितको वार्षिक आर्थिक प्रतिवेदन पारित गरियो भनि सभामा पेश हुँदा सर्वसम्मतीबाट पारित भयो ।

३. कम्पनी ऐन, २०६३ को दफा ११३ बमोजिम कम्पनी रजिष्ट्रारको कार्यालयबाट सि.ए. साकेत आचार्यज्यूलाई आ.व. २०८०/८१ को लागि लेखापरिक्षकमा नियुक्ति गरी निजको

पारिश्रमिक कर बाहेक रु. १,००,०००/- (अक्षररुपी एक लाख मात्र) निर्धारण गरेकोमा सोलाई यस वार्षिक साधारण सभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

४. कम्पनीको आ.व. २०८१/८२ को लेखापरीक्षण गर्नको लागि साकेत आचार्य एण्ड एसोसिएटस्का चार्टर्ड एकाउन्टेन्ट, साकेत आचार्यज्यूलाई नियुक्ती गर्ने र निजको पारिश्रमिक मु.अ.क. बाहेक रु.१,००,०००/-(अक्षरुपी एक लाख मात्र) निर्धारण गर्ने र यदी आईक्यानबाट निर्धारित पारिश्रमिक तय भई कमपनीको पुँजीको आधारमा लागु गर्ने अवस्था भएमा सोही बमोजिम नै पारिश्रमिक दिने निर्णय पारित गरियो ।

५. कम्पनीको ऐन तथा यस कम्पनीको नियमावली बमोजिम २ (दुई) वर्षे कार्यकालको लागि कम्पनीको संस्थापक शेयरधनीहरुको तर्फबाट १ जना महिला सहित ६ जना सञ्चालकको निर्वाचन सम्पन्न भएसँगै कम्पनीको हाल कायम रहने देहाय बमोजिमको ६ (छ) सदस्यीय सञ्चालक समिति गठन गर्ने निर्णय सभाबाट पारित गरियो । सर्वसाधारणको शेयरधनी तर्फ आईपिओ निश्काशन पश्चातको पहिलो वार्षिक साधारण सभाबाट ३ जना सञ्चालकको निर्वाचनबाट प्रतिनिधित्व गरिनेछ भने कम्पनीको आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को वार्षिक साधारण सभाबाट स्वीकृत भए बमोजिम नियमावलीको नियम २७ (२)(ख) मा संशोधन भई कम्पनीको सर्वसाधारणको शेयरधनीतर्फको आईपिओ निश्काशन भए पश्चात पहिलो वार्षिक साधारण सभा नभएसम्मको लागि संस्थापक शेयरधनीबाट नै ३ जना संचालक कायम रहने गरी आजको वार्षिक साधारण सभाको अनुमतीले संचालकवाट नियुक्ति गरिनेछ र स्वतन्त्र संचालकबाट २ जना गरी कुल देहाय बमोजिमको ११ (एघार) सदस्यीय सञ्चालक समिति गठन गर्ने निर्णय सभाबाट पारित गरियो ।

स्वतन्त्र सञ्चालक पदमा प्राप्त ६ प्रस्ताव मध्ये स्नाकोत्तर वा स्नातक भई अर्थ, वित्त, व्यवस्थापन, कानून, लेखाको व्यवसायिक ज्ञान र अनुभव भएको तथा कम्पनी ऐन २०६३ को दफा ८९ अनुसार योग्यता पुगेका श्री प्रा.डा. एवम् वरिष्ठ अधिवक्ता तारा प्रसाद सापकोटा र श्रीमती अमृता पन्थीज्यूलाई सञ्चालक समितिबाट अनुमोदनका लागि प्रस्ताव पेश भएकोमा सर्वसम्मत रुपमा पारित गरियो ।

**तपशिल संचालक समितीको गठन**

१. श्री नर बहादुर पुन (नीरज), सञ्चालक, संस्थापक समुह

२. श्री माधव प्रसाद खरेल, सञ्चालक, संस्थापक समुह

३. श्री राम प्रसाद कडेंल, सञ्चालक, संस्थापक समुह

४. श्री शालिकराम साकोटा, सञ्चालक, संस्थापक समुह

५. श्री इन्द्रमणि सापकोटा, सञ्चालक, संस्थापक समुह

CamScanner

६. श्री गायत्री देवी शर्मा, सञ्चालक, संस्थापक समुह (महिला)

**स्वतन्त्र संचालक**

७. श्री प्रा.डा. एवम् वरिष्ठ अधिवक्ता तारा प्रसाद सापकोटा, विज्ञ तथा स्वतन्त्र संचालक

८. श्रीमती अमृता पन्थी, विज्ञ तथा स्वतन्त्र संचालक

आईपिओ निश्काशन भए पश्चात पहिलो वार्षिक साधारण सभा नभएसम्म रहने शर्तमा आजको वार्षिक साधारण सभाले अनुमती प्रदान गरी संचालक समितीबाट नियुक्ती गरिने संचालकहरु :

१. श्री हरी प्रसाद सापकोटा, सञ्चालक, संस्थापक समुह,

२. श्री नर बहादुर घर्ती, सञ्चालक, संस्थापक समुह

३. श्री भवदत्त सुवेदी, सञ्चालक, संस्थापक समुह

६.विविध

हाल सामान्य प्रस्तावमा विविध नरहेको ।

**(ख) विशेष प्रस्तावहरु:**

१. कम्पनी ऐन २०६३ तथा यस कम्पनीको स्वीकृत नियमावली तथा प्रवन्धपत्र बमोजिम कम्पनीको संस्थापक समुह (क) बाट ६ (छ) जना क्रमश : श्री नर बहादुर पुन (नीरज), श्री माधव प्रसाद खरेल, श्री राम प्रसाद कडेंल, श्री शालिक राम सापकोटा, श्री इन्द्रमणि सापकोटा र श्री गायत्री देवी शर्मा सञ्चालकको निर्वाचनमा निर्विरोध निर्वाचित भएको व्यहोरा निर्वाचन अधिकृत अधिवक्ता श्री ध्रुवराज शर्माले सभा समक्ष घोषणा गर्नु भएको थियो । साथै निर्वाचित सञ्चालकलाई प्रमाणपत्र वितरण गरी सपथ ग्रहण समेत गराई निर्वाचन सम्वन्धी सम्पुर्ण कार्य समाप्त गर्नु भएको थियो ।

**तपसिल**

| | |
|---|---|
| १. श्री नर बहादुर पुन (नीरज), सञ्चालक, संस्थापक समुह | निर्विरोध निर्वाचित |
| २. श्री माधव प्रसाद खरेल, सञ्चालक, संस्थापक समुह | निर्विरोध निर्वाचित |
| ३. श्री राम प्रसाद कडेंल, सञ्चालक, संस्थापक समुह | निर्विरोध निर्वाचित |
| ४. श्री शालिकराम साकोटा, सञ्चालक, संस्थापक समुह | निर्विरोध निर्वाचित |
| ५. श्री इन्द्रमणि सापकोटा, सञ्चालक, संस्थापक समुह | निर्विरोध निर्वाचित |

CamScanner

६. श्री गायत्री देवी शर्मा, सञ्चालक, संस्थापक समुह (महिला) निर्विरोध निर्वाचित

कम्पनीको सञ्चालक समितीमा संस्थापक समुहको सञ्चालक पदको निर्वाचन गर्ने सम्वन्धमा निर्वाचन अधिकृतद्वारा घोषणा गरिएका सञ्चालकलाई यस सभाबाट पारित गर्ने निर्णय गरियो ।

२. यस कम्पनीको कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता गर्दाका बखत बाग्लुङ्ग जिल्ला गलकोट न.पा. वडा नं. ११, मनेवामा रहने भनी उल्लेख गरिएकोमा सो ठेगानामा कम्पनीको लागि कार्यालय खोल्न लागि उपयुक्त कोठाहरुको असुविधा भएका कारणले त्यस स्थानमा विविध किसिमका कठिनाई आइपरेको तथा कम्पनीको काम कारबाही सम्पादन तथा सञ्चालनमा गर्न उल्लेखित स्थानबाट अप्ठेरो पर्न गएको हुनाले कम्पनीको यस साबिकको ठेगानाबाट काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ११ मा ठाउँसारी गर्दा कम्पनीलाई आफ्नो काम कारबाहीमा सुगम हुने देखी सोही बमोजिम हुने गरी कम्पनीको ठेगाना परिवर्तन गर्ने र परिवर्तित ठेगानालाई देहाय बमोजिम २/२ प्रति टाइप गरी प्रबन्ध-पत्रको दफा २ तथा नियमावलीको २ मा भएको संशोधनलाई कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृत गराई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**प्रबन्ध-पत्रमा भएको संशोधनको व्यहोरा**

**दफा २. कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगाना:**

यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं. ११ मा रहनेछ । आवश्यकता अनुसार स्वीकृति लिई अन्य स्थानमा कम्पनीको रजिष्टर्ड कार्यालय नै सार्न सकिनेछ ।

**नियमावलीमा भएको संशोधनको व्यहोरा**

**नियम २. कम्पनीको रजिष्ट्रर्ड कार्यालय रहने ठेगाना:**

यस कम्पनीको रजिष्ट्रर्ड कार्यालय काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ११ मा रहनेछ । आवश्यकता अनुसार स्वीकृति लिई अन्य स्थानमा कम्पनीको रजिष्टर्ड कार्यालय नै सार्न सकिनेछ ।

त्यसै गरी प्रस्ताव नं. २ मा जोडिएको विषय उपर छलफल गर्दा यस कम्पनीको सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व हालको अवस्थामा उपस्थित नभएको हुँदा आईपिओ निश्काशन भए पश्चात पहिलो वार्षिक साधारण सभा नभएसम्म लागि संस्थापक शेयरधनीहरुबाट नै थप ३ जना राखिने भएको हुँदा सो बमोजिम संचालक समिती गठन गर्नु पर्ने भएकाले कम्पनीको नियमावलीको नियम २७ (२) को (ख) मा संशोधन गर्न भनी आएको विशेष प्रस्तावमा सर्वसम्मतले पारित गरी निम्नवमोजिम कायम गर्ने निर्णय गरियो ।

**तपसिल**

***नियमावलीको संशोधित नियम***

**नियम २७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**

(२) यस कम्पनीमा ११ जनाको सञ्चालक समिती हुनेछ । जसको गठन विधि निम्न अनुसार हुनेछ ।

(क) संस्थापक शेयरधनी समुहबाट ६ जना (१ जना महिला सहित) ।

(ख) सर्वसाधारण शेयरधनी समुहबाट ३ जना । तर सर्वसाधारण शेयरधनी समूहको शेयर वितरण नगरे सम्मको लागि संस्थापक समुहका शेयरधनीहरुबाट आपसी समझदारीबाट मनोनित वा निर्वाचित गरी ९ जनाको सञ्चालक रहनेछ ।

(ग) स्वतन्त्र व्यवसायिक सञ्चालक २ जना ।

त्यसै गरी प्रस्ताव नं. २ मा जोडिएको विषय उपर छलफल गर्दा यस कम्पनीको संस्थापक र सर्वसाधारण शेयरधनीको प्रतिनिधित्व गर्नका लागि निर्वाचन निर्देशिका वनाउन सकिनेछ भन्ने प्रावधान हालको स्वीकृत नियमावलीमा नरहेको हुँदा उक्त बुदाँलाई थप गर्न नियमावलीको नियम २७ (६) मा थप गर्न भनी आएको विशेष प्रस्तावमा सर्वसम्मतले पारित गरी निम्नबमोजिम कायम गर्ने निर्णय गरियो ।

**तपसिल**

***नियमावलीको संशोधित नियम***

**नियम २७. सञ्चालक समितिको गठन, संख्या र कार्यकाल :**

(६) सञ्चालकको निर्वाचनको लागि सञ्चालक समितिले निर्वाचन निर्देशिका बनाउन सक्नेछ ।

३. IPO सग सम्वन्धीत कम्पनीको प्रवन्धपत्र र नियमावली तथा अन्य कानुनी संशोधन सम्वन्धित निकायहरुबाट कुनै संशोधन, फेरबदल वा थपघट गर्न कुनै सुझाव वा निर्देशन प्राप्त भएमा सोही बमोजिम आवश्यक संशोधन गर्न संचालक समितीलाई अख्तियारी प्रदान गर्न सञ्चालक समितिलाई अधिकार दिने प्रस्तावमा सर्वसम्मत रुपमा निर्णय गरियो ।

**(ग) विविध**

१. सञ्चालक तथा पदाधिकारीको पारिश्रमिक, दैनिक भ्रमण भत्ता, तलव र अन्य सेवा सुविधाको रकम निर्धारण गर्ने तथा तोकी कार्यान्वयन गर्ने संम्वन्धमा यस कम्पनीको सञ्चालक समितिलाई अख्तियारी दिने निर्णय गरियो ।

२. विविध सम्वन्धमा प्रस्तुत साधारण सभाले यस कम्पनीको बार्षिक साधारण सभा सम्बन्धी सम्पुर्ण माईन्युट तथा कागजातहरुमा प्रमाणीत गर्न तथा आधिकारीक हस्ताक्षर गर्न अख्तियारी दिने सम्वन्धमा छलफल गर्दा सञ्चालक अध्यक्ष श्री नर बहादुर पुन (नीरज) र कम्पनी सचिव श्री देवराज खरेलज्यूलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

९. अन्यमा यस वार्षिक साधारण सभाबाट निर्णय गर्न अन्य विषय नभएको हुँदा अध्यक्षज्यूले कम्पनीको प्रस्तुत वार्षिक साधारण सभा विसर्जन भएको जानकारी सभालाई गराउनु भयो ।

श्री देवराज खरेल
क़म्पनी सचिव

श्री नर बहादुर पुन (नीरज)
अध्यक्ष

CamScanner

# दरमखोला हाइड्रो इनर्जी लिमिटेड
को
## सञ्चालक समितिको बैठक

आज मिति २०८२ साल बैशाख महिनाको ३ गते वेलुका ५:०० बजे यस **दरमखोला हाइड्रो इनर्जी** लिमिटेडको संचालकहरुको बैठक सञ्चालक श्री नर बहादुर पुन (नीरज) ज्यूको अध्यक्षतामा कम्पनीको कर्पोरेट कार्यालय काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ११ थापाथलीमा बस्यो । बैठकमा रहेको उपस्थिति, छलफलको लागि प्रस्तावित विषयहरू र पारित निर्णयहरू यस प्रकार रहेको छ ।

आजको यस बैठकमा निम्न सञ्चालकहरुको उपस्थिति रहेको छ ।

**उपस्थिति :**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नर बहादुर पुन (नीरज) | सञ्चालक | ........................ |
| २. | श्री माधव प्रसाद खरेल | सञ्चालक | ........................ |
| ३. | श्री राम प्रसाद कडेंल | सञ्चालक | ........................ |
| ४. | श्री शालिकराम सापकोटा | सञ्चालक | ........................ |
| ५. | श्री इन्द्रमणि सापकोटा | सञ्चालक | ........................ |
| ६. | श्रीमती गायत्री ~~सापकोटा~~ देवी शर्मा | सञ्चालक | ........................ |

**प्रस्तावहरु**

१) कम्पनीको सञ्चालक समितीको अध्यक्ष चयन गर्ने सम्बन्धमा ।

२) विविध ।

**पारित निर्णयहरु :**

**निर्णय नं. १.**

१. यस कम्पनीको सञ्चालक समितिको गठन गर्नका लागि मिती २०८२।०१।०३ मा सम्पन्न भएको आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को वार्षिक साधारण सभामा संस्थापक समुहबाट ६ जना संचालकहरु निर्विरोध रुपमा चयन भई आजको बैठकमा कम्पनीको संचालक श्री नर बहादुर पुन (नीरज) ज्यूलाई संचालक अध्यक्ष पदमा नियुक्त गर्ने निर्णय गरियो । नवनियुक्त सचालकहरुको कार्यकाल २ वर्षको लागि रहने निर्णय समेत गरियो ।

**२. विविध :**

प्रस्ताव नं. २ का सम्बन्धमा.बैठकमा छलफल गर्नु पर्ने अन्य थप विषय नभएकोले अध्यक्षज्यूले सम्पूर्ण संचालकहरुलाई धन्यवाद सहित बैठक अन्त्य भएको घोषणा गर्नु भयो ।

Indramani

CamScanner

मितिः २०८२/१/४

श्रीमान अध्यक्षज्यू,

सञ्चालक समिति,

**दरमखोला हाइड्रो इनर्जी लि.,**

हाल काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालीका वडा नं. ११ ।

**विषयः दफा ९२ बमोजिम पदबहालीको जानकारी गराएको बारे ।**

महोदय,

१. उपरोक्त सम्वन्धमा मिति २०८२/१/३ गते र मिती २०८२।१।४ गते वसेको यस वार्षिक साधारण सभा/संचालक समितिको निर्णयले हामी व्यवसायिक संचालक तथा संस्थापक/सर्वसाधारण शेयरधनीहरुलाई कम्पनीको सञ्चालक पदमा नियुक्त गर्ने निर्णय गरेको हुँदा कम्पनी ऐन, २०६३ को ९२ (१) को बमोजिम निम्नानुसारको जानकारी गराएको व्यहोरा सादर अनुरोध छ ।

क) कम्पनीको कारोबारसँग सम्वन्धित कुनै प्रकारको खरिद बिक्री वा अन्य प्रकारको ठेक्का पट्टामा आफू वा आफ्नो नजिकको नातेदारको प्रत्यक्ष संलग्नता वा कुनै किसिमको निजी स्वार्थ नभएको ।

ख) कम्पनीको प्रवन्ध सञ्चालक, कम्पनी सचिव, पदाधिकारीको नियुक्तिको सम्वन्धमा कुनै प्रकारको स्वार्थ नभएको ।

ग) अन्य कुनै कम्पनीको सञ्चालक नरहेको ।

घ) कम्पनी वा त्यस्तो कम्पनीको मुख्य वा सहायक कम्पनीको शेयर वा डिवेञ्चरको कारोवार नगरेको ।

२. कम्पनीको कारोवारमा सञ्चालक वा निजको नजिकको नातेदारहरूसंग कुनै लिखित सम्झौता नभएको र स्वार्थ वा कम्पनीको संलग्नतमा कुनै स्वार्थ वा अन्य कुनै कराहरू नभएको ।

निवेदक

| क्र.स. | शेयर धनीको नाम थर | हस्ताक्षर |
|---|---|---|
| १. | श्री नर बहादुर पुन (नीरज) | |
| २. | श्री माधव प्रसाद खरेल | |
| ३. | श्री हरी प्रसाद सापकोटा | |
| ४. | श्री राम प्रसाद कडेंल | |
| ५. | श्री नर बहादुर घर्ती | |
| ६. | श्री शालिकराम सापकोटा | |

Daramkhola Hydro Energy Ltd. Baglung, Nepal

Indramani.

CamScanner

| | | |
|---|---|---|
| ७. | श्री इन्द्रमणि सापकोटा | Indramani |
| ८. | श्री भवदत्त सुवेदी (भाजेन्द्र) | |
| ९. | श्रीमती गायत्री सापकोटा | |
| १०. | श्री प्रा.डा. तारा प्रकाश प्रसाद सापकोटा | |
| ११. | श्रीमती अमृता पन्थी | |

Daramkhola Hydro Energy Ltd.
Baglung, Nepal

CamScanner

# दरमखोला हाइड्रो इनर्जी लिमिटेड
को
## सञ्चालक समितिको बैठक

आज मिति २०८२ साल बैशाख महिनाको ४ गते विहान ९:०० बजे यस **दरमखोला हाइड्रो इनर्जी लिमिटेडको** संचालकहरुको बैठक सञ्चालक अध्यक्ष श्री नर बहादुर पुन (नीरज)ज्यूको अध्यक्षतामा कम्पनीको कर्पोरेट कार्यालय काठमाण्डौं जिल्ला का.म.न.पा. वडा नं. ११ थापाथलीमा बस्यो । बैठकमा रहेको उपस्थिति, छलफलको लागि प्रस्तावित विषयहरू र पारित निर्णयहरू यस प्रकार रहेको छ ।

आजको यस बैठकमा निम्न सञ्चालकहरुको उपस्थिति रहेको छ ।

**उपस्थिति :**

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री नर बहादुर पुन (नीरज) | अध्यक्ष | ........................ |
| २. | श्री माधव प्रसाद खरेल | सञ्चालक | ........................ |
| ३. | श्री राम प्रसाद कडेंल | सञ्चालक | ........................ |
| ४. | श्री शालिकराम सापकोटा | सञ्चालक | ........................ |
| ५. | श्री इन्द्रमणि ~~सापकोटा~~ | सञ्चालक | Indramani |
| ६. | श्रीमती गायत्री देवी शर्मा ~~सापकोटा~~ | सञ्चालक | ........................ |

**प्रस्तावहरु**

१) कम्पनीको आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को वार्षिक साधारण सभाको अनुमतीले थप ३ जना सञ्चालकलाई नियुक्ती गर्ने सम्वन्धमा ।

२) कम्पनीको सञ्चालक लगत अभिलेख गर्ने सम्बन्धमा ।

३) विविध ।

**पारित निर्णयहरु :**

**निर्णय नं. १.**

Indramani

१. मिती २०८२।०१।०३ मा सम्पन्न भएको आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को वार्षिक साधारण सभाबाट संचालक समितीको गठन सम्वन्धमा कम्पनीको नियमावलीको नियम २७ मा संशोधन निर्णय पारित भई वार्षिक साधारण सभाबाट अनुमती समेत प्राप्त भए बमोजिम संस्थापक समुहबाट थप ३ जना संचालकहरुलाई प्राथमिक सार्वजनिक निश्काशनको शेयर जारी भए पश्चातको पहिलो वार्षिक साधारण सभासम्म कार्यकाल रहने गरी श्री हरी प्रसाद सापकोटा, श्री नर बहादुर घर्ती र श्री भवदत्त सुवेदीज्यूहरुलाई संचालक पदमा नियुक्त गर्ने निर्णय गरियो । साथै नवनियुक्त सचालकहरुको कार्यकाल प्राथमिक सार्वजनिक निश्काशनको शेयर जारी भए पश्चातको पहिलो वार्षिक साधारण सभासम्म कार्यकाल रहने निर्णय समेत गरियो ।

२. मिती २०८२।०१।०३ मा सम्पन्न भएको आ.व. २०७९/२०८० र आ.व. २०८०/२०८१ को वार्षिक साधारण सभाको निर्णय र मिती २०८१।०१।४ को संचालक समितीको बैठकको निर्णय अनुसार तपशिल बमोजिम हुँने गरी संचालक समिती गठन र पदावधि राख्ने निर्णय लाई कम्पनी रजिष्ट्रार कार्यालयमा अभिलेख गर्न पठाउने निर्णय समेत गरियो ।

**तपसिल**

| क्र.स. | शेयर धनीको नाम थर | पद | कार्यकाल |
|---|---|---|---|
| १. | श्री नर बहादुर पुन (नीरज) | अध्यक्ष | २ वर्ष |
| २. | श्री माधव प्रसाद खरेल | सञ्चालक | २ वर्ष |
| ३. | श्री राम प्रसाद कडेंल | सञ्चालक | २ वर्ष |
| ४. | श्री शालिकराम सापकोटा | सञ्चालक | २ वर्ष |
| ५. | श्री इन्द्रमणि सापकोटा | सञ्चालक | २ वर्ष |
| ६. | श्रीमती गायत्री ~~सापकोटा~~ देवी शर्मा | सञ्चालक | २ वर्ष |
| ७. | श्री हरी प्रसाद सापकोटा | सञ्चालक | आइपिओ निश्काशन पश्चातको पहिलो वार्षिक साधारसभा नभए सम्म । |
| ८. | श्री नर बहादुर घर्ती | सञ्चालक | आइपिओ निश्काशन पश्चातको पहिलो वार्षिक साधारसभा नभए सम्म । |
| ९. | श्री भवदत्त सुवेदी | सञ्चालक | आइपिओ निश्काशन पश्चातको पहिलो वार्षिक साधारसभा नभए सम्म । |
| १०. | श्री प्रा.डा. तारा प्रकाश सापकोटा | स्वतन्त्र सञ्चालक | ४ वर्ष |

CamScanner

| | | | |
|---|---|---|---|
| ११. | श्रीमती .अमृता पन्थी | स्वतन्त्र सञ्चालक | ४ वर्ष |

३. विविध :

प्रस्ताव नं. २ का सम्बन्धमा.बैठकमा छलफल गर्नु पर्ने अन्य थप विषय नभएकोले अध्यक्षज्यूले सम्पूर्ण संचालकहरुलाई धन्यवाद सहित बैठक अन्त्य भएको घोषणा गर्नु भयो ।

Indramani

Daramkhola Hydro Energy Ltd.
Baglung, Nepal